# कृषि समूह दर्ता तथा नबिकरण सम्बन्धि कार्यविधि २०७५

रामपुर नगरपालिका
नगरपालिकाको कार्यालय
रामपुर, पाल्पा

# कृषि समूह दर्ता तथा नविकरण सम्बन्धि कार्यविधि-२०७५

## खण्ड १. – पृष्ठभूमि

यस रामपुर नगरपालिकाको कृषकहरुलाई सामुहिक रुपमा खेति गरि वा बजारीकरण गरि कृषि क्षेत्रको व्यवसायीकरण गर्न गराउन यस नगर कार्यपालिकाले नगर क्षेत्रभित्र गठन भएका कृषि समुहलाई अभिलेखीकरण गर्न "कृषि समूह दर्ता तथा नबिकरण कार्यविधि २०७५" लागु गरेको छ ।

## खण्ड २. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

२.१ .यो कार्यविधिको नाम "कृषि समूह दर्ता तथा नबिकरण कार्यविधि २०७५" रहेको छ ।

२.२ .यो कार्यविधि कार्यपालिकाले पारित गरेको मितिबाट लागु हुनेछ ।

२.३. बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ;-

क) ''कार्यपालिका'' भन्नाले रामपुर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ख) ''कृषक" भन्नाले ब्यबसायिक वा ब्यबसाय उन्मुख खाद्यान्नबाली, तरकारीबाली, नगदेबाली, औधोगिक बाली, मसलाबाली, तेलहंनबाली, दलहनबाली, फलफुलखेति, च्याउ खेति, माछ्ापालन, मौरीपालन आदि निश्चित क्षेत्रफलमा खेति गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

ग) "कृषि समूह" भन्नाले करिब १५-३० जनाको कृषक सदस्य रहेको समुहलाई बुझ्नुपर्दछ ।

घ) "कृषि शाखा" भन्नाले यस नगरपालिकाको कृषि शाखा वा उपशाखा वा इकाई वा कृषि सेवा केन्द्रलाई जनाउनेछ ।

## खण्ड ३ – उद्देश्य

कृषि क्षेत्रको आधुनिकिरण, व्यवसायीकरण, उत्पादन तथा बजारमुखी र प्रबिधिमुखी बनाई खेति गरिएको बाली बस्तुहरुको उत्पादन तथा उत्पादकत्व बृद्दि तथा रोजगारी सृजना गरि कृषकहरुको आम्दानी बृद्दि गर्नु र सामुहिक रुपमा कृषि कार्य अगाडी बढाउन समूह गठन तथा दर्ता गर्नु यसको उद्देश्य रहेको छ ।

## खण्ड ४ : समूह दर्ता, नवीकरण प्रक्रिया

१. एक कृषक समूह भित्र १५ -३० सदस्य रहन सक्नेछन ।
२. कृषक समुहको प्रमुख बाली एउटा मात्र हुनु पर्ने छ ।
३. कृषक समूह दर्ता गर्नु पूर्व कृषि प्राबिधिकहरुको उपस्थितिमा बैठक बसी समूह गठनको निर्णय गर्नुपर्दछ ।
४. कृषक समुहले वडा कार्यालयको सिफारिस पेश पर्ने छ ।
५. अनुसूची -१ बमोजिम कृषक समूह दर्ताको लागि निबेदन, समुहको बिवरण, हितकोश अभिलेख,समूह सदस्य विवरण र समुहको बैठक विवरण सहितका कागजात यस कार्यालयमा पेश गर्नुपर्ने छ ।
६. अनुसूची -२ बमोजिम कृषक समुहले बिधान भरि पेश गर्नुपर्ने छ ।
७. कृषक समुहको अध्यक्ष , सचिब र कोषध्यक्षको नागरिताको प्रतिलिपि समेत दर्ता गर्दा पेश गर्नुपर्दछ ।
८. हरेक आर्थिक बर्ष को वैशाख महिनामा रा.न.पा कृषि शाखामा समूह दर्ता गरिनेछ भने कृषक समूह दर्ता प्रमाण पत्र अनुसूची ३ बमोजीमको हुनेछ ।
९. दर्ता भएका कृषक समूह हरेक २ बर्षमा यस नगरपालिकामा नबिकरण हुनु पर्नेछ ।तर नवीकरण गर्न आउदा दर्ता प्रमाण पत्र सहित कार्यसमितिको बैठकको निणर्य पेश सहित निबेदन पेश गर्नु पर्नेछ ।
१०. हरेक बर्ष दर्ता भएको कृषक समुहले आर्थिक वर्षको दुई महिना भित्र प्रतिबेदन बुझाउनु पर्नेछ ।

## प्रतिबेदन अनुगमन एबं मुल्यांकन

कृषक समुहले नबिकरण गर्न आउदा आफ्नो बार्षिक प्रतिबेदन नगरपालिका कार्यालयमा पेश गर्नु पर्ने छ । नगर भित्र रहेको कृषि समुहलाई प्राथमिकीकरण, बिकास एबं बिस्तार तथा कृषिमा टेवा पुर्याउन कृषि शाखा प्रमुखले नियमित अनुगमन तथा मुल्यांकन गर्नु पर्नेछ ।

## खण्ड ५- विविधि

यस कार्यविधिमा उल्लेख भएका बाहेक अन्य कुराहरु प्रचलित नियम कानुन , निर्देशिका बमोजिम हुनेछ ।
यस कार्यविधि बारेमा अस्पष्ट भएमा ब्याख्या गर्ने सम्पूर्ण अधिकार यस कार्यपालिकामा निहित हुनेछ ।

**अनुसूची १** ( निबेदन, समुहको बिवरण, हितकोश अभिलेख,समूह सदस्य विवरण र समुहको बैठक विवरण)

मिति :

श्रीमान प्रमुख प्रसासकीय अधिकृत ज्यू
रामपुर नगरपालिकाको कार्यालय
रामपुर , पाल्पा

बिषय : समुहको अभिलेख राखिदिने बारे |

हामी रामपुर नगरपालिका वार्ड न ................. टोल ................ बस्ने तपसिल बमोजिमका किसानहरुले आयमुलक कार्यक्रम ...........................खेति/ ब्यबसाय गर्न ............................................... नामको समूह गठन गरेका छौ | तपशिल बमोजिमको विवरण पठाएका छौ , सोहि अनुसार त्यस कार्यालयको समूह अभिलेखमा समाबेश गरिदिनु हुन अनुरोध गर्दछौ | साथै आगामी दिनहरुमा यस समुहलाई चाहिने प्राबिधिक सेवा एबं समन्वयको लागि पहल गरिदिनु हुन समेत अनुरोध गर्दछौ |

निवेदक

| | |
|---|---|
| समुहको सचिब | अध्यक्ष |
| नाम : | नाम : |
| दस्तखत : | दस्तखत : |
| फोन न.: | फोन न.: |

# समुहको विवरण

क) हाम्रो समुहको २० ....साल ........ सम्मको स्थिती विवरण :

१. नियमित बैठक ...................(बस्छ / बस्दैन )

२. बर्षमा कति पटक बैठक बस्ने गर्दछ ? ..............

३. बैठकमा भएका निर्णयहरु एबम अभिलेखहरु दुरुस्त ................( छ/छैन )

४. समुहमा नियमित बचत गर्ने परिपाटी ...................... (छ / छैन)

५. समुहको बचत वा हितकोषमा रहेको जम्मा रकम रु .................

६. बर्षेनी बचत वा हितकोषमा रकम बृद्दि हुदै गएको .................... (छ / छैन )

७. बचत वा हितकोषको रकम परिचालन भएको छ / छैन , भएको भए के कार्यक्रममा परिचालन भएको छ ? ..............................................................................

ख) समुहको अभिलेख फाराम

१. समुहको नाम ..................................................

२. आय आर्जनको लागि गरिने बाली / ब्यबसाय / खेति

३. न. पा ................. वार्ड न .............

४. समूह गठन भएको मिति ...........................

५. समूह गठन गर्दा सहजीकरण गरेको संस्थाको नाम ............................

६. समुहमा आबद्द घरधुरी संख्या ................................ महिला .................. पुरुष ................दलित ....................जनजाति...............

# कृषक समुहको हितकोष अभिलेख विवरण

| क्र स | समुहको नाम | ठेगाना | सदस्य | | गत वर्षा सम्मको हितकोष | चौमासिक हितकोष विवरण | | | जम्मा रु | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | | प्रथम | दोस्रो | तेस्रो | | | |
| | | | | | | | | | | | |

# कृषक समूह सदस्यहरुको विवरण

समुहको नाम : आ.ब :

समुह दर्ता न. : महिना :

समूह दर्ता मिति :

समुहको किसिम :

| क्र.स. | नाम/थर | ठेगाना | पद | उमेर | शैक्षिक योग्यता | जग्गा विवरण |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

फारम फर्ने समूह पदाधिकारीको
नाम :
पद :
दस्तखत :

कृषि शाखा प्रमुख /प्राबिधिक
नाम :
पद :
दस्तखत :

बार्षिक कार्यक्रमका साथमा यो विवरण समेत भरि सबै समुहले बर्षको एक पटक कार्तिक मसान्त सम्म भरि एक प्रति रामपुर नगरपालिकामा , कृषि शाखामा पेश गर्नु पर्ने छ ।

रामपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर – पाल्पा

५ न .प्रदेश , नेपाल

## कृषक समूह बैठक विवरण

| क्र स | समुहको नाम | जम्मा सदस्य संख्या | बैठक बसेको मिति | उपस्थित सदस्य संख्या | उल्लेखनीय निर्णय | यस महिनाको आम्दानी | श्रोत | जम्मा हितकोष | अर्को बैठक मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

# अनुसूची २ (समुहको विधान )

श्री ...................................................................... कृषक समुहको विधान

क्षेत्र : कृषि

प्रस्तावना :

................................................................कृषक समूह रामपुर नगरपालिका वार्ड न ........मा रहेका ...........सदस्य संख्या आबद्द कृषकहरुको सामुहिक प्रयासबाट कृषि गतिविधिमा प्राबिधिक सर सल्लाह र आधुनिक प्रविधिको प्रयोग गरि कृषि उत्पादन र उत्पादकत्व बढाई कृषकको जिबनस्तर उठाउने उद्देश्यले यो मूल समूह गठन गरिएको हो |

**१. सन्क्षिप्त नाम र प्रारम्भ :**

क) यस संस्थाको नाम ....................... कृषक समूह रहने छ |

ख) यो बिधान पारित भएको मितिदेखि लागु हुनेछ |

ग) संस्था भन्नाले श्री .......................................समूह .........................सम्झनु पर्छ |

घ) सदस्य भन्नाले यस समुह्गको सदस्यता प्राप्त व्यक्तिलाई सम्झनु पर्छ |

ङ) कार्य समिति भन्नाले यो निधान बमोजिम संगठित समितिलाई जनाउछ |

च) साधारण सभा भन्नाले यस समुहको सदस्यता प्राप्त गरेको सम्पूर्ण समूह सदस्यहरुको भेलालाई जानुछ |

**२. संस्थाको छाप :**

यस संस्थाको एक छाप रहनेछ जसमा

..................................................................................................................................

..................................................................................................................................

............................ ब्यबस्था गरिएको छ |

**३. संस्थाको कार्यालय :**

यस संस्थाको कार्यालय ................................................ मा रहनेछ |

**४. संस्थाको उद्देश्य :**

क) कृषि प्रविधिको राम्रो प्रयोग गरि कृषि उत्पादन तथा उत्पाकदत्व बढाउने र कृषकको जिबनास्थर उठाउने |

ख) बातावरणलाई प्रदुषित हुनबाट बचाई आयमुलाक कृषि कार्य गर्ने |

ग) विभिन्न संघ संस्थासंग सम्बन्ध राख्ने , सहयोग लिने,दिने |

घ) नया नया प्रविधिको प्रयोग गर्दै जाने |

ङ) .......................................................................

च) .......................................................

**५. सदस्यको योग्यता :**

क) सदस्य हुन चाहने व्यक्ति ....................................खेति गर्ने कृषक हुनु पर्दछ |

ख) समाज बिरोधि भावना हुनु हुदैन |

ग) ................................................ |

**६. सदस्य प्रकार**

सबै साधारण सदस्यमा रहने छन् |

**७. समूह शुल्क तथा हितकोष :**

शुरुमा समूह शुल्क मासिक रु ............... का दरले हितकोष खडा गर्न लाग्नेछ र पछी बढाउदै जान पनि सकिने छ |

**८. सदस्यको अयोग्यता :**

परिच्छेद न. ६ को दफा क, ख, को बिरुद्दमा रहि कार्य गर्ने व्यक्तिलाई अयोग्य छानिनेछ |

साथै ................................................................ सदस्यताबाट निष्काशित हुनेछ |

**९. साधारण सभाको ब्यबस्था :**

कृष समुहका सम्पूर्ण सदस्यहरुको ५१ % सदस्यहरु उपस्थित भै संचालन हुने सभालाई साधारण सभा भनिन्छ |

**१०. साधारण सभाको अधिवेशन :**

क). साधारण सभाको अधिबेशन कार्य समितिको निर्णय अनुसार कार्य समितिले तोकेको समय र स्थानमा हुनेछ | साधारण सभा प्रत्यक आर्थिक बर्ष समाप्त भएको १ महिना बस्नु पर्नेछ |

ख). साधारण सभाको बैठकमा सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा साधारण सभा बस्नेछ |

**११. साधारण सभाको काम कर्तब्य र अधिकार**

क). समुहको नीति योजना र कार्यक्रम तर्जुमा गर्ने र स्वीकृत गर्ने |

ख). आय – व्ययको विवरण प्रस्तुत गर्ने र बार्षिक बजेट पास गर्ने |

ग). सदस्यहरुले बिधान बमोजिम काम कर्तब्य र दायित्व्वाको पालना गरेको छ , छैन मुल्यांकन गर्ने |

घ). प्रत्यक २ बर्षमा कार्य समितिको चयन गर्ने |

**१२. कार्य समितिको गठन**

दैनिक कार्य गर्न एक कार्य समितिको गठन हुनेछ |

| | | |
|---|---|---|
| क) | अध्यक्ष | १ एक |
| ख) | उपाध्यक्ष | १ एक |
| ग) | सचिब | १ एक |
| घ) | कोषाध्यक्ष | १ एक |
| ङ) | सदस्य | ३ तिन |

१३.सम्पूर्ण समुहका सदस्यबाट माथिको पदहरुको निर्बाचन हुनेछ र कार्य समितिको सबै पदाधिकारी साधारण सभा प्रति उत्तरदायी हुनेछन |

१४.कार्य समितिको बैठक महिनाको एक पटक बस्नेछ र कार्यसमितिको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ|

**१५.कार्य समितिको कर्तब्य र अधिकार :**

क). समुहको चल अचल सम्पत्तिको संरक्षण गर्ने

ख). साधारण सभाका पारित निर्णय र निर्देशनको पालना र कार्यान्वयन गर्ने |

ग). विभिन्न संघ संस्था सरकारी , गैह्र सरकारी संस्थासंग सम्बन्ध गर्ने |

घ). बार्षिक कार्यक्रम , आय – व्यय विवरण तथा योजना तयार पारि स्वीकृतका लागि साधारण सभामा पेश गर्ने |

ङ). कार्य समितिको काम कर्तब्य र अधिकार मध्ये केहि वा सबै उप समिति वा व्यक्तिलाई प्रदान गर्ने |

च). संस्थाको उद्देश्य प्राप्तिको लागि आवश्यक अन्य कामहरु गर्न सकिनेछ |

**१६. पदाधिकारीहरुको काम कर्तब्य**

क). अध्यक्षको काम :

१. कार्य समितिको बैठकमा अध्यक्षता गर्ने ।

२. सा . स को बैठकमा अध्यक्षता गर्ने ।

३. कुनै निर्णय उपर बराबर मत पर्न गएमा निर्णयाक मत दिने ।

४. सा.स र का.स द्वारा गरिएका निर्णयहरु कार्यान्वयन र रेखदेख गर्ने ।

५. सचिब, कोषाध्यक्षको अनुपस्थितमा अन्य सदस्यलाई काम गर्न नियुक्ति गर्ने ।

ख) उपाध्यक्षको काम, कर्तब्य :

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने काम गर्ने ।

ग) सचिवको नाम :

१. अध्यक्षले लागे अर्याएको काम गर्ने ।

२. बैठक कार्य सुची तयार गर्ने ।

३. निर्णय पुस्तिका लेख्ने ।

४. समुहको चल अचल सम्पत्तिको संरक्षण गर्ने ।

घ)कोषाध्यक्षको काम :

१.समुहको आम्दानी खर्चको विवरण दुरुस्त राख्ने, समुहको हिसाब किताब साधारण सभामा पेशा गर्ने ।

ङ). सदस्यको काम :

१. साधारण सदस्य प्रति बफादार हुनु पर्ने ।

२. कार्य समितिलाई सहि सुझाब र परामर्श दिनुपर्ने ।

३. जागरिलो र जागरुक रहनु पर्ने ।

**१७. आर्थिक श्रोत :**

क) सरकारी, गैह्र सरकारी, संस्था तथा व्यक्तिबाट प्राप्त आर्थिक सहयोग ।

ख) प्रवेश शुल्क, समुहका सदस्यहरुबाट संकलित रकम र विभिन्न श्रोतबाट प्राप्त रकम ।

**१८. कोषको ब्यबस्था**

क). समुहका सदस्यलाई आर्थिक समस्या समाधान होस भनि कोष खडा गरि सन्चाल गर्न सकिने छ ।

ख). कोषको रकम समूह सदस्यहरुको आबश्यकता अनिसार आन्तरिक रुपमा परिचालन हुन सक्नेछ ।

ग). हरेक सदस्यले हरेक महिनाको ............................ बैठक बसी रु ................ का दरले रकम सङ्कलन गर्नेछ । उक्त समयमा बचत नभएमा रु ................को दरले हर्जना बापत अर्को महिना सम्मको लागि जरिवाना लाग्ने छ ।

घ). ऋण लगानी भएको रकम किस्तामा ब्याज सहित तिरी सक्नु पर्नेछ ।

ङ). हितकोष परिचालन रकमको ब्याज ............................ प्रतिशत लाग्नेछ ।

च). समयमा बुझाउनु पर्ने रकम किस्ता नआएमा प्रति दिनको सयकडा रु .................... का दरले ब्याज लाग्नेछ ।

छ). समूह तथा कोषबाट निस्कन चाहेमा १ महिनाको मासिक बचत बराबरको रकम छाड्नु पर्नेछ ।

ज). कोषको रकम आन्तरिक परिचालन गरि बाँकी रहेको खण्डमा अध्यक्ष र सचिवको वा अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरमा बैंकमा खाता खोलि संकलन गर्न सकिने छ ।

**१९. निर्बाचन सम्बन्धि ब्यबस्था :**

क). सर्ब सम्मत वा निर्बाचन प्रणाली द्वारा कार्य समितिको चयन गरिनेछ ।

ख). का.स मा अध्यक्ष, उपाध्यक्ष, सचिब, कोषाध्यक्ष सह-सचिब र चार जना सदस्य रहने ब्यबस्था हुनेछ ।

ग). तिन जना सदस्याको निर्बाचन आयोग रहने छ र निजहरु उम्मेदवार हुन पाउने छैनन् । निर्बाचन सम्बन्धि सम्पूर्ण कार्यविधि सोहि आयोगले गर्नेछ । मताधिकार सुरक्षित रहनेछ ।

**२०. अविश्वासको प्रस्ताब :**

अध्यक्ष, उपाध्यक्ष, सचिब, कोषाध्यक्ष, सह-सचिब र सदस्य बिरुद्द अविश्वासको प्रस्ताब राख्न सकिनेछ । यस्तो प्रस्ताब २५ % सदस्यले संयुक्त हस्ताक्षरबाट गर्न सक्ने छन । छलफल गरि निर्णय गराई साधारण सभा बोलाउन सक्ने छन । अध्यक्ष बाहेक अन्य पदमा अध्यक्षले १५ दिनको लागि नियुक्त गर्ने र अध्यक्षनभएको हकमा १५ दिन भित्र निर्बाचनबाट अध्यक्ष लगायत अन्य पदको चयन गर्नेछन ।

**२१. बिधान संसोधन :**

बिधान दफा परिक्षेदमा संसोधन गर्नु परेमा प्रस्ताब आएपछि दुई तिहाइ सदस्यबाट संसोधन गर्न सकिने छ ।

**२२. नियम, नियवाली बनाई लागु गर्न :**

कार्य समितिले विभिन्न नियम बनाई साधारण सदस्यबाट पास गरि कार्यन्वयन गर्न सक्नेछ ।

२३. कुनै सदस्य लगातार तिन पटक नियमित बैठकमा अनुपस्थित रहेमा निजको समुहमा पत्राचार गरि सन्तोषजनक उत्तर नआएसम्म स्वतः निष्कासन गर्न सकिने छ ।

**२४. राजिनामा :**

कुनै पदाधिकारीले राजिनामा गर्दा राजिनामा कार्य समितिमा पेश गर्न पर्नेछ । उपाध्यक्ष सचिब र अन्य पदको अध्यक्षले स्वीकृत  गर्ने र अध्यक्षको राजिनामा कार्य समिति बैठकबाट स्वीकृत गराउनु पर्नेछ ।

**२५. समुहको कार्यक्षेत्र :**

........................................ अन्तर्गत पर्ने कृषकहरु हुनेछन ।

२६. यो विधानका दफाहरू स्थानीय सरकारको नीति नियमसंग बाझिएमा स्वतः खारेज हुनेछन ।

दर्ता न.: ..............

अनुसूची ३ (कृषि समूह दर्ता प्रमाण पत्र)

रामपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, पाल्पा

५ न.प्रदेश, नेपाल

## कृषि समूह दर्ता प्रमाण पत्र

समूह पद्दतिलाई सु – ब्यबस्थित गर्दै कृषि कार्यलाई टेवा पुर्याउने उद्देश्यले यस पाल्पा जिल्लाको रामपुर नगरपालिका वार्ड न . ................मा मिति ................................मा गठित श्री .................................................कृषक समुहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरि यो प्रामाण – पत्र प्रदान गरिएको छ |

मिति : ..........................

.......................... .................................... ............................

दर्ता गर्नेको दस्तखत कृषि शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत